# निर्वाचन कमिशन खबर

०८।११।१०

विधानपरिषद्को निर्वाचनलाई मतदाताको नामावली तयार गराउना निमित्त चाहिने फारामहरू र अरू कागजपत्रहरू हुलाकद्वारा पठाउँदा धेरै समय लाग्ने भएकोले र साथै इलाकाका बडाहाकिमहरूलाई नामावली तयार पार्ने काम राम्ररी संभ्काउन र निजहरूलाई परिआउने बाधाहरू सबै बुझ्न यही फाल्गुन ७ गतेका दिन आवश्यक कागजपत्रहरू लिई मोरङ्ग, महोत्तरी, सर्लाही, सप्तरी,सिराहा, बारा, पर्सा, रौतहटमा जान यस कमिशनका अफिसर ताराप्रसाद गिरी वायुयानद्वारा प्रस्थान गर्नुभएको छ। निजले यी जिल्लाहरूका बडाहाकिमहरूसँग भेट गरी उपरोक्त विषयहरू बोध गराउनेछन्। साथै भोजपुर, उदयपुर, धनकुटा र इलामका निमित्त आवश्यक कागजपत्रहरू जिल्लैबाट चलाउनुहुने प्रबन्ध गरिएको छ। अरू जिल्लामा पनि लेखिएका कागजहरू सकभर छिटो पुऱ्याउने प्रबन्ध गरिएको छ।

## सूचना

नं १।११।०८

०८।११।१०।६

जनप्रतिनिधित्व ऐन (२००८ साल) को दफा १४ ले दिएको अधिकार प्रयोग गरी हरेक जिल्ला गौंडा गडिका बडाहाकिमलाई निजको ईलाकाभित्रका नामावली रजिष्ट्रेशन अफिसर नियुक्त गरिएको छ। विधानपरिषदको सदस्यको निर्वाचनलाई मतदाताको नामावली बनाउन लगाउने काम माथि लेखिएका अफिसरले गर्नेछन्।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना

नं.२।११।०८

०८।११।१०।६

विधानपरिषदको सदस्यको निर्वाचनलाई मतदाताको नामावली बनाउन सजिलो गर्न हरेक जिल्ला, गडि, गौंडाका प्रगन्ना वा थुम वा दर्रा वा गर्खा वा टप्पालाई जनप्रतिनिधित्व ऐनको दफा १५ (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन केन्द्र बनाइएको छ । हरेक निर्वाचन केन्द्रको मताधिकारीको नामावली बेग्लाबेग्लै बनाइनेछ ।

## सूचना

नं. ३।११।०८

०८।११।१०

बिधानपरिषदको निर्वाचनक्षेत्रको मताधिकारीको नामावली तयार पार्न हरेक जङ्गी जवान वा अफिसर वा श्री ५ महाराजाधिराजबाट जनप्रतिनिधित्व ऐन ( २००८ साल ) को दफा १२ ( ४ ) लाग्ने भनी घोषणा गरिबक्सेको व्यक्ति नेपाल सरकारका मातहत नेपालबाहिर कुनै पदमा बहाल भएका व्यक्ति वा निजको साथ रहने निजको स्त्रीले कुनै जिल्लाको कुनै निर्वाचनक्षेत्र ( वा केन्द्र ) को मताधिकारीको नामावलीमा नाम दर्ता गराउन चाहे फाराम नं. २ मा सरोकारवाला अफिसरमार्फत सो निर्वाचनक्षेत्रको नामावली रजिष्ट्रेशन अफिसरकहाँ चत्र मसान्तभन्दा अगावै दरखास्त पठाउनू ।

फाराम नं. २ को नमुना

फलानाको छोरा । स्त्री । छोरी ठाउँमा

जंगीमा खटिएको

या फलानाको पदमा बहाल भएको

काममा लगाइएको म फलानो हाल यो नोकरीमा नभएमा-

958

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

फलानो टोल फलानो गाउँ फलानो प्रगन्ना वा थुम फलाना जिल्लाको बासिन्दा हुने थिएँ । म नेपालको नागरिक हूँ र तोकिएको मितिमा म २१ वर्षभन्दा कम उमेर छैन र मेरी स्त्री फलानी तोकिएको समयभित्र साधारणतया मसँगै बसीन र उनी पनि नेपालकी नागरिक हुँन् र तोकिएको मितिमा २१ वर्षभन्दा कम उमेर छैन ।

माथि लेखिएको बेहोरा साँचो हो ।

ठेगाना सहि

मिति

माथि लेखिएको बेहोरा साँचो हो भनी सहि गर्ने

सहि पल्टनको अफिसर

अड्डाको हाकिम

राजदूत वा कन्सल

ठेगाना

मिति

## ( नेपाल सरकार प्रचारविभागबाट गरिएको प्रतिवाद )
## राष्ट्रिय कांग्रेसको बुलेटिन नं ५१ को अनुत्तरदायित्वपूर्ण भ्रामक प्रचार

राष्ट्रिय कांग्रसले " विदेशी फौज " शीर्षक दिई प्रकाशित गरेका कुराहरू सम्पूर्णतः असत्य भई जनतामा सरकारको प्रति भ्रमात्मक विचार फैलाई देशमा आएको प्रजातन्त्रको काममा छेका ल्याउने प्रयास मात्र हो । वर्तमान सरकार देशको वर्तमान अवस्थाको लागि स्वयम्मा पूर्ण संगठित छ । विदेशी फौज

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।